आज मिति २०७६ वैशाख ०६ गते यस कैलाश गाउँकार्यपालिकाको दशौं कार्यपालिका बैठकका गाउँपालिका अध्यक्ष श्री टंक वहादुर मुक्तान ज्युको अध्यक्षतामा देहायका कार्यपालिकाका सदस्यहरुको उपस्थितमा बैठक बसी निम्न प्रस्ताव माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति:-

१-श्री टंक वहादुर मुक्तान-अध्यक्ष

२-श्री सुकुमाया थिङ्ग-उपाध्यक्ष

३-श्री पेमा योन्जन-वडा अध्यक्ष-१

४-श्री राजेन्द्र घिसिङ्ग- वडा अध्यक्ष-२

५-श्री देव लाल बल- वडा अध्यक्ष-३

६-श्री तिलक वहादुर मुक्तान- वडा अध्यक्ष-४

७-श्री छेकु लामा- वडा अध्यक्ष-५

८-श्री ठुलो कान्छा लामा- वडा अध्यक्ष-६

९-श्री उदाश कुमार भ्लोन- वडा अध्यक्ष-७

१०-श्री सुर्ज वहादुर थिङ्ग- वडा अध्यक्ष-८

११-श्री सुमन लटौला- वडा अध्यक्ष-९

१२-श्री माणिक लाल मुक्तान- वडा अध्यक्ष-१०

१३-श्री लक्ष्मी मुक्तान-का.पा.सदस्य

१४-श्री आषिज प्रजा- का.पा.सदस्य

१५- श्री राममाया प्रजा- का.पा.सदस्य

१६-श्री फुलमाया सिन्तान- का.पा.सदस्य

१७-श्री गोविन्द बि.क.- का.पा.सदस्य

१८-श्री संगिता प्रजा- का.पा.सदस्य

१९-सदस्य सचिव श्री लोक बहादुर कुसारी - प्र.प्र.अ.

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिकाको बैठकको एजेन्डाहरु**

१) बिद्यार्थी भर्ना अभियान सम्बन्धमा ।

२) सासु बितरण खर्च सम्बन्धमा ।

३) गाडीभाडा सम्झौता म्याद थप सम्बन्धमा ।

४) गाउँ शिक्षा समिति गठन सम्बन्धमा ।

५) कर्मचारी व्यवस्थापन तथा माग सम्बन्धमा ।

६) शिक्षक पदस्थापन तथा व्यवस्थापन ।

७) जग्गा खरिद सम्बन्धमा ।

८) अदुवा भण्डारण स्टोर निर्माण सम्बन्धमा ।

गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ...कोटार, मकवानपुर ३ नं. प्रदेश, नेपाल

९।६

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय** नं. १ बिद्यार्थी भर्ना अभियान सम्बन्धि एजेण्डामाथि छलफल गर्दा मिति २०७६।०१।०८ गते आइतबारदेखि वडा कार्यालयहरु मार्फत बिद्यार्थी भर्ना समुह बनाई प्रत्येक घरघरमा बिद्यार्थी अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय** नं. २ सासु बितरण खर्च सम्बन्धि प्रस्ताब माथि छलफल गर्दा सो सासु बितरण गर्दा लाग्ने आवश्यक खर्च यस गाउँपालिकाको स्वीकृत बार्षिक बिकास कार्यक्रमको भैपरी शिर्षकबाट खर्च उपलव्ध गराउने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय** नं. ३ यस गाउँकार्यपालिको कार्यालयको लागि आवश्यक गाडी भाडा सम्झौताको म्याद सकिएकोले सो गाडी भाडा सम्झौताको म्याद प्रत्येक महिना मासिक रुपमा थप गर्दै जाने निर्णय गरियो ।

**निर्णय** नं. ४ यस गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा १५(१) अनुसार यस गाउँपालिकाभित्रका आधारभुत तथा माध्यामिक तहका बिद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्न तपशील बमोजिमको गाउँ शिक्षा समिति गठन गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**तपशील**

| | |
|---|---|
| श्री टंकबहादुर मुक्तान,गापा अध्यक्ष्य | अध्यक्ष्य |
| श्री सुमन लटौला, बिषयगत समिति संयोजक | सदस्य |
| श्री लोकबहादुर कुसारी, प्र.प्र.अ. | सदस्य |
| श्री मानबहादुर पाखिन,मनोनित पुरुष सदस्य | सदस्य |
| श्री कान्छीमाया सुनार, मनोनित महिला सदस्य | सदस्य |
| श्री पातलि माया थिङ, मनोनित महिला सदस्य | सदस्य |
| श्री श्री लालसिं गुरुङ,व्यवस्थापन समिति अध्यक्ष्य | सदस्य |
| श्री शागर थापा, शिक्षाक्षेत्र काम गर्ने संघसस्था प्रतिनिधि | सदस्य |
| श्री राम प्रसाद कालाखेती,प्रअमध्येबाट प्रतिनिधि | सदस्य |
| श्री राजेन्द्र तामाङ घिसिङ,वडा शिक्षा समिति संयोजक | सदस्य |
| श्री......................., शिक्षक महासंघको अध्यक्ष्य | सदस्य |
| श्री सुमन लामा, शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ५** प्रस्ताव नं. ५ को विषयमा आवश्यक छलफल गर्दा जिल्ला समन्वय समिति, मकवानपुरबाट मिति २०७५।१।२७ गते कामकाज गर्न खटाइएका सामाजिक परिचालक, सहायक स्तर पाँचौ श्री मोहन प्रसाद पौडेललाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय विकास कोष सञ्चालन सम्बन्धि मिति २०७५।०३।२९ गतेको (माननीय मन्त्रीस्तर) निर्णय अनुसार यस कार्यलयमा करार सम्झौता गरि कार्यजिम्वेवारी तोक्ने र यस कार्यालयका लागि आवश्यक अन्य कर्मचारीहरु संघ र प्रदेशमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाले बिद्यार्थीको अनुपातमा गरेको शिक्षक दरवन्दी मिलान सम्बन्धि बिषयलाई लिएर असन्तुष्टि भई उच्च अदालत पाटनमा रिट दिनुहुने शिक्षक द्वय मोहन शिवाकोटी र सम्झना बर्तौला भट्टको निवदेन उपर अदालतको सुनुवाइ हुदा निजहरु सोही बिद्यालयहरुमा पदस्थापन हुने फैसला भएको हुँदा सोही व्यहोराको पत्राचार गरि कामकाज गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७** यस गाउँपालिकाको नयाँ भवन निर्माण तथा कैलाश अस्पताल भवन निर्माण गर्न जग्गा धनीहरु गोबिन्द पाठकबाट प्राप्त तीन(३) कठ्ठा र सिंगराम गलानबाट प्राप्त ९ कठ्ठा जग्गा रजिष्टेशन पास गरि लिने निर्णय गरियो ।

**निर्णय नं. ८** अदुवा भण्डारण स्टोर निर्माण सम्बन्धि प्रस्तावमाथि आवश्यक छलफल गर्दा अदुवा भण्डारण स्टोर निर्माण योजनामा रु २५ लाख बिनियोजित रकम मध्येबाट कैलाश वडा नं. ९ मा रु १२ लाख बराबरको, वडा नं. ३ मा रु ४।४ लाख बराबरको २ वटा र ४ नं. वडामा रु ५ लाख बराबरको स्टोर निर्माण गर्ने निर्णय गरियो ।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
३ नं. प्रदेश, नेपाल

उल्लेखित निर्णयहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा (२) ज अनुसार प्रमाणित गरिएको छ।

९।६

प्रमुख प्रशासकीय अधिकृत